# सार्वजनिक सुनुवाई कार्यक्रमको प्रतिवेदनः

रामग्राम  नगरपालिका कार्यालयको आर्थिक वर्ष ०७१।०७२ मा सम्पादन भएका सेवा प्रवाह एवं रामग्राम नगरपालिकाको आ.व.०७१।०७२मा सम्पादन गरेको सेवा तथा विकास निर्माणका कामहरु बारे जानकारी लिन दिन कार्यालय प्रतिको गुनासो सुन्न एवं सुझावहरु लिन गत आ.व.मा कार्यालयले ३ वटा सर्वाजनिक सुनुवाई कार्याक्रम आयोजना गरेको थियो । यी सुनुवाईहरु रामग्राम नगरपालिका वडा नं. ८, रामग्राम न.पा. वडा नं.८ लोहसडा स्कुलमा पहिलो सार्वजनिक सुनवाई भएको थियो ।




कार्यक्रमका सहभागी भएका टोल विकास संस्थाका प्रतिनिधि तथा नगर विकास संस्थाका प्रतिनिधि नागरिक समाज, नागरिक वडा मंच, नागरिक सचेतना केन्द्र, विभिन्न गठित बाल क्लबहरु, राजनैतिक दलका प्रतिनिधि, पत्रकार तथा अन्य सर्व साधारणहरुले विभिन्न जिज्ञासा एवं सुझावहरु दिनु भएको थियो । कार्यालयबाट दलित, जनजाती, बालबालिका, तथा विपन्न वर्गका लागि छुट्टाइएको रकम समानुपातिक रुपमा वितरण हुन नसकेको लगायतका सवालहरु त्यस सुनुवाईमा उठाएका थिए । त्यसै गरी सहभागीहरुले छुट्टाएको योजनाहरुको समयमा रकम निकासी नहुने, कार्यालयमा समयमा कार्यालयका प्रमुख तथा शाखाका जिम्मेवार व्यक्तिहरुसंग भेट नहुने, सेवा ग्राहीका गुनासाहरुको सुनुवाई नहुने लगायतका कार्यालयमा हुने ढिला सुस्तीहरुका बारेमा समेत प्रश्न उठाएका थिए । कार्यक्रममा सहभागीहरुका तर्फबाट उठाइएका सवालहरुको रामग्राम नगरपालिका नि. कार्यकारी अधिकृत कुन्दन कुमार चौधरी एवं सम्बन्धित शाखाका प्रमुखबाट जवाफ दिइएको थियो ।

अनुसूची ४
(बुंदा नं. ७६ संग सम्बन्धित)
सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदन
सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :नि. का.अ.श्री कुन्दन कुमार चौधरी

- सुनुवाई गरिएका विषयवस्तुहरु
  - क) नगरपालिकाले प्रदान गर्ने सेवा सम्बन्धि :
  - ख) प्रशासन सम्बन्धी :
  - ग) शहरी विकास सम्बन्धी :
  - घ) आर्थिक प्रशासन सम्बन्धी :
  - ङ) सामाजिक विकास सम्बन्धी :
  - च) योजना सम्बन्धी
  - छ)विद्युत, सरसफाई तथा भवन निर्माण सम्बन्धी
- कार्यक्रम आयोजना स्थल : रामग्राम न.पा. वडा नं. ८ लोहसडा स्कुलमा
- कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७१।७२७गते विहान८:०० बजे  विहिवार
- कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : ८:०० बजे देखि ११ :१५ बजे सम्म
- उठेका प्रश्न / जिज्ञासा र उत्तर :

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने कर्मचारी को नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | नन्दु धोवी नौडिहवा ७ टो वि. स. अध्यक्ष | सरसफाईमा जोड दिदा दिदै काम रोकेकोमा त्यस्ता व्यक्तिहरुको काम भई रहेको छ। किन सरसफाईमा जोड दिन पर्छ।<br>सामुदायीक भवन अधुरो छ किन। | भगौती यादव प्रा. | वडा समन्वय समितिको सिफारिस वाट काम भएको छ। अन्य शाखावाट भएको भए सच्याउने र सरसफाईको हकमा न. पा. कोवजेटवाट वनेका शौचालय संचालनमा छ। अरुको छैन अधुरो भवनको लागी आ.व. को परिषदमा रकम विनियोजित गर्नु पर्छ। |
| २ | शम्भु उपाध्याय रामग्राम ७ देउरवा | कार्यालय प्रमुख सार्वजनिक सुनवाई मा उपस्थित नहुने किन<br>घर भत्काउने कार्यक्रममा विजुली वाजेको घर परेको न. पा. ले उत्तर च्यापेर वाटो विस्तार गरेको किन।<br>सरसफाई पुरै वडामा हुनु पर्नेमा महिनाको १ पटक मात्र हुन्छ र महिला शशक्तिकरणको वजेट आफुले नगरी महिला विकास कार्यालय मार्फत किन गरियो।<br>वर्षको १ पटक मात्र भएको किन। | नि.का. अ.कुन्दन कुमार चाधरी | मन्त्रालयवाट उपस्थित हुन काठमाण्डौ वोलाएको हुदा यहा उपस्थित हुन नसकेको।<br>वर्चा मात्र छोएको ले निजलाई भनिएको छ हटाउन। महिला शसक्तिकरण कार्यक्म न. पा. को वजेट महिला विकास कार्यालयमा गएको छैन सहकार्य मात्र हो।<br>समाग्री भएको खण्डमा २ पटक नभएमा १ पटक मात्र भएको छ। |
| ३ | हरि नारायण गुप्ता ८ वैकुण्ठपुर | नक्कली जन्म दर्ता वनाई नक्कली काम गराएको किन जन्म दर्ता सच्चाईएन।<br>नगरपालिका क्षेत्र भित्र हुलाकी वाटो किन पिच हुदैन। | नि.का. अ.कुन्दन कुमार चाधरी | जन्मदर्ता सच्याउन नमिल्ने भएको ले सडक विभाग ले हेर्ने हुदा न. पा. त्यस सडकमा काम नगरेको। |
| ४ | देवेन्द्र गुप्ता रामग्राम न.पा. ८ | टो. वि. स. हरु कालो सुचीमा परेकालाई किन कार्वाही हुदैन। | नि.का. अ.कुन्दन कुमार चाधरी | रकम नतिर्ने टो. वि. स. हरुको रकम यसै वर्ष असुल हुनेछ। |

| | | | | |
|---|---|---|---|---|
| ६ | प्रमहसं गुप्ता रामग्राम ८ लोहसडा | नालाको पानी निकासमा समस्या निकासको व्यवस्था गर्नु पर्ने ।<br>खानेपानी र चर्पी सवै वडामा वाडीयो लोहसडा गाउमा वाडिएन ।<br>सडक वत्ति वडामा १ पटक मात्र मर्मत हुन्छ किन । | नि.का. अ.कुन्दन कुमार चाधरी | सम्वन्धित टोलको अगवाईमा मात्र पानी निकास गर्नु पर्छ ।<br>आईतवार सम्म सामाग्री उपलव्ध गराईने छ ।<br>वजेटको व्यवस्था भएमा निरन्तरता दिईने छ । |
| ७. | मनोज कुमार हरिजन ८ | भवन भत्काउदा मुवाव्जा दिन पर्यो, गाउ बलकको जग्गा किन नापीएको छैन । नापी नहुन्जेल सम्म शौचालय नवनाउने र ८ न. प्रति नापी गरी टो. वि. स. को विकासको लागी दिनु पर्ने । | नि.का. अ.कुन्दन कुमार चाधरी | नापी २,३ महिना भित्र नापी शुरु हुन्छ टो. वि. स. को निर्णय सहित आएमा नापी गरी छुटयाउने कार्य अगाडी बडाईने छ । |
| ८. | शर्मा प्र. यादव रामग्राम १२ | आयोगको सुचना नगरपालिकाले सुचना पाटीमा टाँस गरेन किन । न. पा. का सुकुम्वासी, अव्यवस्थित लाई सिफरिस दिएन किन । | नि.का. अ.कुन्दन कुमार चाधरी | सुचना टास सुचना पाटीमा टास हुन भुल भएमा सुधार गर्ने ।<br>सुकुम्वासी समस्या सामाधान आयोगको राजपत्र वमोजिम गरिने छ । |
| ९. | मुकुन्द सुचिकार | यस वर्ष ४५०,००० विनियोजन गरिको थाहा पाए यस विधालयको बजेट नकाटियोस | नि.का. अ.कुन्दन कुमार चाधरी | विचारधिन गरिने छ । |

**८: ०० बजे कार्यक्रमप्रारम्भ भई ११:१५ बजे सम्पन्नभयो ।**

प्रतिवेदनदिएको मिति : २०७१।८।२ गते

तयार गर्ने : सन्तोषकुमार घिमिरे
दस्तखत :

सा.सु.संयोजक : नि. का.अ.कुन्दन कुमार चौधरी
दस्तखत :

# सार्वजनिक सुनवाई कार्यक्रमको प्रतिवेदनः

रामग्राम  नगरपालिका कार्यालयको आर्थिक वर्ष ०७१।०७२ मा सम्पादन भएका सेवा प्रवाह एवं रामग्राम नगरपालिकाको आ.व.०७१।०७२मा सम्पादन गरेको सेवा तथा विकास निर्माणका कामहरु बारे जानकारी लिन दिन कार्यालय प्रतिको गुनासो सुन्न एवं सुझावहरु लिन गत आ.व.मा कार्यालयले ३ वटा सर्वाजनिक सुनुवाई कार्याक्रम आयोजना गरेको थियो । यी सुनुवाईहरु रामग्राम नगरपालिका वडा नं. ३, वुद्धमा भएको थियो ।



कार्यक्रमका सहभागी भएका टोल विकास संस्थाका प्रतिनिधि तथा नगर विकास संस्थाका प्रतिनिधि नागरिक समाज, नागरिक वडा मंच, नागरिक सचेतना केन्द्र, विभिन्न गठित बाल क्लबहरु, राजनैतिक दलका प्रतिनिधि, पत्रकार तथा अन्य सर्व साधारणहरुले विभिन्न जिज्ञासा एवं सुझावहरु दिनु भएको थियो । कार्यालयबाट सरसफाईका कुरा पोलमा विधुत जडान सम्वन्धिका विषय लगायतका सवालहरु त्यस सुनुवाईमा उठाएका थिए । त्यसै गरी सहभागीहरुले छुट्टाएको योजनाहरुको समयमा रकम निकासी नहुने, कार्यालयमा समयमा कार्यालयका प्रमुख तथा शाखाका जिम्मेवार व्यक्तिहरुसंग भेट नहुने, सेवा ग्राहीका गुनासाहरुको सुनुवाई नहुने लगायतका कार्यालयमा हुने ढिला सुस्तीहरुका बारेमा समेत प्रश्न उठाएका थिए । कार्यक्रममा सहभागीहरुका तर्फबाट उठाइएका सवालहरुको रामग्राम नगरपालिका कार्यकारी अधिकृत जीवन ज्ञवाली एवं सम्बन्धित शाखाका प्रमुखबाट जवाफ दिइएको थियो ।

अनुसूची ४
(बुंदा नं. ७६ संग सम्बन्धित)
सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदन
सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :नि. का.अ.श्री जीवन ज्ञवाली

- सुनुवाई गरिएका विषयबस्तुहरु
    - क) नगरपालिकाले प्रदान गर्ने सेवा सम्बन्धि :
    - ख) प्रशासन सम्बन्धी :
    - ग) शहरी विकास सम्बन्धी :
    - घ) आर्थिक प्रशासन सम्बन्धी :
    - ङ) सामाजिक विकास सम्बन्धी :
    - च) योजना सम्बन्धी
    - छ) विद्युत, सरसफाई तथा भवन निर्माण सम्बन्धी
- कार्यक्रम आयोजना स्थल : रामग्राम न.पा. वडा नं. ३ वुद्धचोक
- कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७१।११।२९ गते विहान ८:०० बजे शुक्रवार
- कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : ८:०० बजे देखि ११ :१५ बजे सम्म
- उठेका प्रश्न / जिज्ञासा र उत्तर :

| क.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने कर्मचारी को नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | कृपाल यादव रामग्राम १२ | नयाँ गाडी जनताको गाँडी हो काठमाण्डौमा गई ठोक्कीयो कसले चलाई रहेको थियो । सिफारिस माग्न गएको थिए सिफारिस दिन मिल्दैन भन्नु भयो किन मिल्दैन । | जीवन ज्ञवाली कार्यकारी | सिफारिस नियमसगं प्राप्त गर्न तथा सुचना प्राप्त गर्न सक्छन जसको कागजात हो उसले मात्र प्राप्त गर्न सक्छ ।गाडी कुचीन सक्छ कहिले पल्टिन सक्छ गाडी ठोकिएको हो गाडी मैले चलाएको थिए खासै क्षती भएको छैन । |
| २ | मधव प्र. काईराला रामग्राम ६ टो. वि. स. सचिव | भुस्हाह कुकुर व्यवस्थापन सरसफाई खानेपानी र व्यवस्था र मेरो गाउमा रहेको ईमिलीको वोट ढल्ने अवश्थामा रहेको छ पटक पटक भन्दा हटेन कहिले हटछ । | भगौती यादव प्रा. स. | भुस्सया कुकुर वडा न. ६ को मात्र समस्या हैन पुरै न. पा. को हो तर ऐन कानुन ले जवावर हक अनुसार मार्न नपाउने व्यवस्था मार्न पाईदैन बन्ध्याकरणको कुरा हो । |
| ३ | जगनाथ गिरी टो. वि. स. अध्यक्ष रामग्राम १ | खानपानी कार्यालय वरिपरि पानीको समयमा पानी ओभरफलो हुन्छ त्यसको व्यवस्थापन कस्ले गर्ने खानेपानीले या न. पा. ले स्पष्ट पारिदिन परयो र निकास दिन परयो । | भगौती यादव प्रा. स. | खानेपानीको कुलोवाट पानीको मिल्नु पर्ने हो ठिकै छ हामी कार्यालयवाट खानेपानी लाई पत्र लख्ने छौ । |
| ४ | रामकिसुन उपाध्याय रामग्राम ५ | रामग्राम ५ मा ढलको व्यवस्थापन र दमकलवाट पानी छरी धुलो व्यवस्थापन गरि दिए राम्रो हुने थियो । | भगौती यादव प्रा. स. | दमकलवाट वाटोको धुलो मार्ने कुरा अलि अप्ठारो हो कि भने त्यो आकश्मीक कुरा हो त्यसमा जनताले आफै आफनो सरसफाई गरे वेश हुने ।ढलको सम्वन्धमा यहाहरुले वजेट प्राप्त गर्नु भएको छ बन्ने छ । |

| | | | | |
|---|---|---|---|---|
| ६ | मिना चौधरी रामग्राम १० लकंहवा | लकंहवाको अधुरो सामुदायिक भवनमा शौचालयको व्यवस्था मिलाउनु परयो । | भगौती यादव प्रा. स. | सामुदायिक भवनमा शौचालय निमार्ण कार्य लुमन्तीवाट सहयोग गर्ने छौ । |
| ७. | सौरव ज्ञवाली रामग्राम १ | महिनौसम्म पोलमा बत्ति फेरिदैन किन लुमन्ती राखेको कन्टेनर भरीए पछि चाडै फालिदैन न. पा. को सटरभाडामा दिएको ठाउमा शौचालय छैन | भगौती यादव प्रा. स. | न. पा. क्षेत्र भित्र चाडपर्वको वेलामा मात्र मर्मत सभार गरिएको छ वजेटको अभावले गर्दा । |
| ८. | तोय नाथ लम्साल जि. शि. का. | रामग्राम न. पा. को वडा न. २,३,५,६,९,१०,११ र १३ मा ३ वटा सस्थां नारेप रामग्राम नन्दन , खुला अध्ययन केन्द्र ले साक्षरता कक्षा संचालन चलाईरहेको छ र अव सरकारले निराक्षर लाई विभिन्न सेवा सुविधावाट वन्चित गर्छ । साक्षर नेपाल वनाउनको लागी | सुक्षाव | |
| ९. | पुरन चौधरी पार्टी प्रतिनिधि | जनताको अनादर हुन भएन हुलाकी सडक वनाउन सडक विभाग सग समन्व गरि आवश्यक पहल गर्न हुन । | सुक्षाव | |
| १० | वुद्धन अली पार्टी प्रतिनिधि | यदी हामीले सरसफाई गरेनौ भने रोग फैलिन सक्छ जसले गर्दा आर्थिक तथा शारिरिक क्षती हुन सक्छ त्यसमा ध्यान दिन पर्छ । साक्षरता कार्यकम नियमातता छ कि छैन त्यसलाई अनुगमन गरि सहयोग गर्नु परयो । | सुक्षाव | |
| ११ | पलधारी गुप्ता पार्टी प्रतिनिधि | न. पा. को पुर्वको वाटो फराकिलो भयो त्यो सरानिय कुरा हो हामी आफनो टोलमा सरसफाई गरि वृक्षा रोपण गरौ । | सुक्षाव | |
| १२ | मोहन पौडेल | परासी वसपार्क किन संचालनमा आएन परासी पृथ्वीचन्द्र अस्पताल किन हस्तान्तरण भएको छैन । | जीवन ज्ञवाली कार्यकारी | बसपार्क खानेपानी र शौचालय निमार्ण गरि संचालन गर्ने प्रकियामा छ , भरतिय दुतावासको सहयोगमा वनेको पृथ्वी चन्द्र अस्पतालको सम्वन्धमा अस्पताल व्यवस्थापन समिति संग कुरा भई रहेको छ छिटै हस्तान्त्रण गर्ने प्रकियामा छौ । |

**८ : ०० बजे कार्यक्रमप्रारम्भ भई ११ :१५ बजे सम्पन्नभयो ।**

प्रतिवेदनदिएको मिति : २०७१।१२।१गते

तयार गर्ने : सन्तोष कुमार घिमिरे
दस्तखत :

सा.सु.संयोजक : जीवन ज्ञवाली कार्यकारी अधिकृत
स्तखत :

# सार्वजनिक सुनवाई कार्यक्रमको प्रतिवेदन:

रामग्राम  नगरपालिका कार्यालयको आर्थिक वर्ष ०७१।०७२ मा सम्पादन भएका सेवा प्रवाह एवं रामग्राम नगरपालिकाको आ.व.०७१।०७२मा सम्पादन गरेको सेवा तथा विकास निर्माणका कामहरु बारे जानकारी लिन दिन कार्यालय प्रतिको गुनासो सुन्न एवं सुझावहरु लिन गत आ.व.मा कार्यालयले ३ वटा सर्वाजनिक सुनुवाई कार्याक्रम आयोजना गरेको थियो । यी सुनुवाईहरु रामग्राम नगरपालिका वडा नं. १०, मझरियाचोकमा भएको थियो ।




कार्यक्रमका सहभागी भएका टोल विकास संस्थाका प्रतिनिधि तथा नगर विकास संस्थाका प्रतिनिधि नागरिक समाज, नागरिक वडा मंच, नागरिक सचेतना केन्द्र, विभिन्न गठित बाल क्लबहरु, राजनैतिक दलका प्रतिनिधि, पत्रकार तथा अन्य सर्व साधारणहरुले विभिन्न जिज्ञासा एवं सुझावहरु दिनु भएको थियो । कार्यालयबाट सरसफाईका कुरा पोलमा विधुत जडान बाटो तथा नाला सम्वन्धिका विषय लगायतका सवालहरु त्यस सुनुवाईमा उठाएका थिए । कार्यक्रममा सहभागीहरुका तर्फबाट उठाइएका सवालहरुको रामग्राम नगरपालिका कार्यकारी अधिकृत रोशन ज्ञवाली एवं सम्बन्धित शाखाका प्रमुखबाट जवाफ दिइएको थियो ।

अनुसूची ४

(बुंदा नं. ७६ संग सम्बन्धित)

सार्वजनिक सुनुवाई सम्बन्धी प्रतिवेदन

सार्वजनिक सुनुवाई संयोजन गर्ने व्यक्तिको नाम, थर र ठेगाना :नि. का.अ.श्री जीवन ज्ञवाली

- सुनुवाई गरिएका विषयबस्तुहरु
  - क) नगरपालिकाले प्रदान गर्ने सेवा सम्बन्धि :
  - ख) प्रशासन सम्बन्धी :
  - ग) शहरी विकास सम्बन्धी :
  - घ) आर्थिक प्रशासन सम्बन्धी :
  - ङ) सामाजिक विकास सम्बन्धी :
  - च) योजना सम्बन्धी
  - छ) विद्युत, सरसफाई तथा भवन निर्माण सम्बन्धी
- कार्यक्रम आयोजना स्थल : रामग्राम न.पा. वडा नं. १०मझंरियाचोक
- कार्यक्रम आयोजना गरिएका मिति र समय : २०७२।३।१८ गते विहान ७:०० बजे शुक्रवार
- कार्यक्रम सञ्चालन गरिएको समयावधि (घण्टा/मिनेटमा) : ७:०० बजे देखि ११ :१५ बजे सम्म
- उठेका प्रश्न / जिज्ञासा र उत्तर :

| क्र.सं. | प्रश्नकर्ता गुनासो गर्ने वा सुझाव दिनेको नाम, थर ठेगाना | सहभागीको प्रश्न/गुनासो/सुझाव | जवाफ दिने कर्मचारी को नाम, थर र ठेगाना | जवाफको छोटकरी व्यहोरा |
|---|---|---|---|---|
| १ | शम्भु उपाध्याय | कार्यक्रमको लागत सार्वजनिक हुनुपर्छ , आन्तरिक लेखा परिक्षण कहिले सम्म, ८.प्रतिमा वसेकालाई सिफारिस पाउनु पर्छ , टो. वि. स. पुन गठन हुन पर्ने । दमकलको खर्च कति , ठेगेदार मार्फत वृक्षा रोपण सफल हुन्छ । शहरको फोहर न. पा. ले उठाउने हो भने ग्रमीणको किन नठाउने । | भगौती यादव प्रा. स. | ऐलानी जग्गामा वस्नु भएका लाइ विधत मिटर सिफारिस दिन मिल्दैन कहि कतै लगेको छ भने विध’त कार्यालयले लगाएको हो । टो . वि. स. लाइ पुन सक्रिय गराइने छ । वृक्षा रोपण क्रमकम स्थानीय तह टो. वि. स. तथा अन्य सगं छलफल गरेर अगाडी वडाउने छौ । |
| ॅ | रामजी ज्ञवाली | ओ. डि. एफ. हुदा पनि किन खोलाको छेउ छाउमा जादैछन । वातावरण मैत्रीको खर्च पार्दसी हुनपर्छ । वजारमा मासु काटनेले फोहर मासु र मिसावट का कुरामा अनुगमन छैन किन । | भगौती यादव प्रा. स. | ओ. डि. एफ. भै सकेको अवस्थामा अव हामी संयत्र वनाई अनगमन गर्ने छौ । वजार अनुगमनमा प्रमुख जिल्ला अधिकारी सगं समन्वय गरि निरतरन्ता दिने छौ । |
| ३ | श्याम कोहार रामग्राम ३ | सार्वजनिक सुनवाईको औचित्य के , सुनवल रोडमा नाला किन नवनेको , हैवी ट्रक त्यस वाटो किन हिडछ । ध्वनी प्रदुषण रोक्नु पर्यो । जग्गा पलटीङ गर्ने रुख कहिले रोप्ने । फोहर उठाउने मेरो टोलमा भएन । विहान कति वेला फोहर उठाउन गाडी आउछ । | भगौती यादव प्रा. स. | सुनवल परासी सडकमा हेवी गाडी हिडन मिल्दैन त्यसमा जि. प्र. का. सगं समन्वय गरि रोक्ने छौ । पलटीङ राज्यले नै हाललाइ रोक्का गरेको छ र अव दिन परयो भने त्यसलाइ व्यवस्थापन गर्ने छौ । |
| ४ | टीकाराम गैरे रामग्राम ३ | सार्वजनिक जग्गा न.पा. ले आफनो स्वामित्वमा ल्यानुपर्ने जरुरी देख्छु । सडक फराकिलो राम्रो र वृक्षा रोपण सहितको कार्य अगाडी वडाउनु पर्छ । डम्पिङ साईड राम्रो वनाउनु हुन्छ भन्ने अनुरोध छ । अस्पताल हस्तान्त्रण अहिले सम्म हुन सकेको छैन तत्कालै हुनपर्ने । झरही नदीको सरसफाई हुन पर्ने । कृषि सडक वाट | सुझाव | |

| | | | | |
|---|---|---|---|---|
| | | नगरवासी लाई सहयोग भएको । | | |
| ५ | विरेन्द्र ठाकुर<br>पिछडा वर्ग | न.पा. मा दलित पिछडा वर्ग मुस्लिम को वजेट कसरी खर्च हुन्छ । यो समुदायको प्रधिनित्व किन गरिन्न । न. पा. को वाटो विस्तार गर्दा कोही विस्तापित हुदैछ त्यसलाई व्यवस्था गर्नु पर्छ । रामग्राम १२ मा रहेको सार्वजनिक खानेपानीको टंकी को सदुपयोग किन भएन । प्रत्येक वार्डमा सार्वजनिक शौचालयको व्यवस्था गर्नु पर्यो । | सजंय शर्मा<br>लेखापाल | लक्षित वर्गको रकम समितिले निर्णय वाट नै विनियोजित गरेको छ र कार्यक्रम स्थानीय सस्थाले संचालन गरेको छ । |
| | | | | |

**७: ०० बजे कार्यक्रमप्रारम्भ भई ११ :१५ बजे सम्पन्नभयो ।**

प्रतिवेदनदिएको मिति :
२०७२।३।२१गते

तयार गर्ने : सन्तोष कुमार घिमिरे
दस्तखत :

सा.सु.संयोजक : रोशन ज्ञवाली कार्यकारी अधिकृत
स्तखत :